# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०२।०१ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी भोला प्रसाद थापासमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गका तत्कालीन कार्यालय प्रमुख भोला प्रसाद थापा समेतका प्रतिवादीहरू उपर खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गले आह्वान गरेको बोलपत्र नं WSSDO/Dang/NCB/Works/11/080/081 Construction of Deep Tube well in Harigaun water supply & Sanitation project Dang को ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन, नियमावली विपरीतको कार्य गरी गराई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम बिगो रू ११,११,८४४।२९ (एघार लाख एघार हजार आठ सय चवालीस रूपैयाँ उनन्तीस पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।११।१४ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०२।०१ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता<br>
सुरेश न्यौपाने